# कृतज्ञता

टेलिभिजन र महिलासम्बन्धी मेरा केही लेखहरू २०६० र २०६१ सालमा *कान्तिपुर* दैनिकमा छापिए। पाठकहरूबाट ती लेखहरूबारे राम्रो प्रतिक्रिया पाएँ। केही मित्र र आफन्तहरूले 'अखबारमा छापिएका कुरा छरपस्ट भई हराउँदै जान्छन्, तिनलाई पुस्तकको रूप दिनुपर्छ' भन्ने सल्लाह दिनुभएको थियो। त्यसलाई केवल म प्रतिको स्नेह र सदाशयताको रूपमा लिएकी थिएँ। यद्यपि आफूलाई भने पुस्तक बन्ने किसिमका सामग्री लेखेकी छु जस्तो लागेको थिएन। यता अखबारहरूमा लेख छापिने क्रम भने यथावत नै थियो। पछि आमसञ्चार क्षेत्रमै संलग्न शुभचिन्तकहरूले समेत 'पुस्तक निकाल्नमा जोड दिनू' भनेर हौसला दिनुभयो 'यसलाई राम्रो ठाउँबाट प्रकाशन गर्नू' भन्नेसमेत उहाँहरूको आग्रह थियो। 'कोसिस गरूँ न त' भन्ठानी राम्रो ठाउँ खोज्दै मार्टिन चौतारी आइपुगेँ।

पुस्तकको रूप दिन पूर्व प्रकाशित लेखहरूमा केही परिमार्जन र थप काम समेत गर्नुपर्ने आवश्यकता औँल्याउदै प्रत्यूष वन्तले प्रस्ताव स्वीकार गर्नुभयो। देखेको र सुनेको कुराहरूबारे लेख्नुपर्ने, कहिले देखेको कहाँ देखेको र कहाँ सुनेको भनेर दसी प्रमाण जुटाउनुपर्ने हावामा उडेर गएका (अर्थात् अन एअर भएका) कतिपय कुराहरूको मनमा रहेको रेकर्डलाई पुनर्जागृत गर्नुपर्ने जस्ता अल्झो र बाधा/अवरोधहरू

अगाडि थिए । देवराज हुमागाईंले छरिएका लेखहरूलाई झिँजो नमानी उधिन्दै, चुन्दै र गाँस्दै किताबको रूप दिने कार्यलाई सहज बनाइदिनुभयो । तसर्थ, मार्टिन चौतारीका देवराज हुमागाईं तथा प्रत्यूष वन्तप्रति म आभारी छु ।

महिला र टेलिभिजनलगायत अन्य महत्त्वपूर्ण आवश्यक लेख्य सामग्रीहरू मैले चाहेका जति समयसम्म नै सहर्ष उपलब्ध गराउनुहुने अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्थाका अञ्जु क्षेत्री तथा मञ्जु थापाप्रति पनि कृतज्ञ छु । त्यस्तै, पुस्तकमा उल्लिखित सामग्रीहरूलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गरी अमूल्य सुझाव दिनुहुने सेरा तामाङ र भाषिक त्रुटिहरू औँल्याई सुधार गरिदिनुहुने शेखर पराजुलीप्रति अत्यन्त अनुगृहित छु । पुस्तकलाई बढी विश्वसनीय र गहकिलो बनाउने सिलसिलामा कुराकानीका लागि समय उपलब्ध गराएर धेरै जना विद्वान तथा विदुषीहरूले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग गर्नुभएको छ । उहाँहरू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

आ-आफ्नो टेलिभिजन च्यानलहरूबारे गाह्रो नमानी जानकारी उपलब्ध गराउनुहुने निजी च्यानलका सहकर्मीहरू र नेपाल टेलिभिजन तथा एनटिभी २ का दृश्य सङ्ग्रहालयका सहयोगी मधुकर महर्जन, शम्भु अधिकारी, ईश्वरी भुसाल, बिना राणा तथा दिनेश सङ्ग्रौलाको अमूल्य सहयोगप्रति पनि आभारी छु । विभिन्न पुस्तकालयका आवश्यक लेख्य सामग्रीहरू जुटाउने सन्दर्भमा सहयोग गर्नुहुने नेपाल टेलिभिजनका पुस्तकालय प्रमुख बाबुराम तिमिल्सिना पनि धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै विनोद शिवभक्ति जसले टाइप सेटिङको काम गर्नुभयो उहाँप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । यहाँ समावेश कतिपय लेखहरूलाई विभिन्न समयमा स्थान दिएर पाठकसम्म पुर्‍याइदिने सम्बन्धित अखबारहरू र तत् तत् समयमा त्यहाँ आबद्ध सम्पादकहरूप्रति पनि आभार प्रकट गर्दछु । अन्तमा पुस्तक प्रकाशनको सम्पूर्ण अभिभारा लिइदिने मार्टिन चौतारीको गुनको ऋणी भएकी छु ।

जेण्डरको विद्यार्थीको आँखाले मैले नेपाली टेलिभिजन च्यानलहरूका प्रस्तुतिमा जे देखेँ र सुनेँ त्यो यस पुस्तकको रूपमा पाठकहरू सामु प्रस्तुत छ । म र म जस्तै सञ्चारकर्मीहरूको टेलिभिजन च्यानलसँगको सहकार्यलाई पनि पुस्तकमा समेटेकी छु । मेरो देखाइ, सुनाइ, बुझाइ र भोगाइमा सहमत हुने वा नहुने जिम्मा अब विज्ञ पाठकहरूसँग छ ।

दीपा गौतम